# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति, सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति : २०८१।०७।०४

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघ सिरहा शाखाका सदस्य तथा दस्तक खबरका सञ्चालक विजय साहलाई समाचारको विषयलाई लिएर प्रहरीले पत्रिकाको कार्यालयबाट प्रक्राउ गरेको घटनाप्रति नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

महासंघ मधेस प्रदेश समितिकाअनुसार बडा दसैंको अवसरमा लहानको प्रसिद्ध दुर्गा मन्दिरमा आयोजित मनोरञ्जनात्मक कार्यक्रममा प्रस्तुत गरिएको अश्लील नृत्य र उच्छृंखल कार्यको विषयमा प्रकाशित सामग्रीलाई लिएर इलाका प्रहरी कार्यालय सिरहाका प्रमुख विष्णुप्रसाद सोतीको नेतृत्वमा आएको प्रहरी टोलीले पत्रकार साहलाई पत्रिकाको कार्यालयबाटै प्रक्राउ गरेको थियो ।

समाचारप्रति चित्त नबुझे त्यसउपर प्रेस काउन्सिल नेपालमा उजुरी गर्नसकिने तथा कानुनी प्रक्रियामा जानसकिने विकल्प हुँदाहुँदै पत्रिकाको कार्यालयमा प्रवेश गरी प्रहरीले देखाएको यो व्यवहार प्रेस स्वतन्त्रता र संविधानविरोधी हर्कत हो ।

महासंघ प्रहरीबाट भएको ज्यादतीको कडा शब्दमा भर्त्सना गर्दै घटनाको छानबिन गरी दोषीमाथि कारबाहीको प्रक्रिया अगाडि बढाइ संविधानप्रदत्त प्रेसको अधिकारको सम्मान गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदछ ।

रोसन पुरी
महासचिव


Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org